# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## मौद्रिक नीति २०६९-७० का लागि अन्तर्क्रिया

आर्थिक वर्ष २०६९-७० को मौद्रिक नीति निर्माणका लागि सुझावहरू संकलन गर्ने उद्देश्यले अनुसन्धान विभागद्वारा असार १५ गते एक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरियो । सो कार्यक्रममा बैंक तथा वित्तीय क्षेत्रका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।



कार्यक्रममा विषय प्रवेश गर्नुहुँदै गभर्नर डा. युवराज खतिवडाले मुलुकको आर्थिक क्षेत्रमा सकारात्मक परिसूचकहरू देखिएका भए पनि राजनैतिक अस्थिरता तथा बाह्य क्षेत्रबाट पर्न सक्ने प्रभावलाई ध्यान दिई आगामी आर्थिक वर्षको मौद्रिक नीति तर्जुमा गर्नुपर्ने कुरा स्पष्ट पार्नुभएको थियो । अहिले नेपाल राष्ट्र बैंक वित्तीय क्षेत्र स्थायित्वमा केन्द्रित हुनु आवश्यक रहेको चर्चा गर्दै मूल्य स्थायित्व कायम गर्नमा वित्तीय नीतिका साथै अनवरोध आपूर्ति पक्ष पनि उत्तिकै जिम्मेवार रहेको स्पष्ट पार्नुभएको थियो । उहाँले वित्तीय क्षेत्र स्थायित्व, वित्तीय पुहुँच, मूल्य स्थायित्व तथा आर्थिक वृद्धिलाई ध्यान दिँदै आगामी मौद्रिक नीतिका लागि सुझाव दिनुहुँ बैंक तथा वित्तीय क्षेत्रका प्रतिनिधिलाई आग्रह गर्नुभयो ।



कार्यक्रममा बैंक तथा वित्तीय क्षेत्रका प्रतिनिधिहरूले व्याजदरको दायरा, रियल स्टेट कर्जा असुली, विभिन्न वर्गका वित्तीय संस्थाबीचको विश्वसनीयता, संस्थागत निक्षेप, गैरबैंकिङ सम्पत्तिको नोक्सानी व्यवस्था, चुक्ता पुँजी अभिवृद्धि, संस्थापन सेयर विक्री, गैरबैंकिङ सम्पत्तिको व्यवस्थापन, दुर्गम स्थानमा वित्तीय सेवाको विस्तार, सरकारी ऋणपत्र, विदेशी विनिमय बजारमा हस्तक्षेप आदि विषयमा आआफ्ना सुझाव प्रस्तुत गरेका थिए । उनीहरूबाट अनौपचारिक बजार विस्तारलाई हतोत्साहित गर्नुपर्ने, वित्तीय संस्था गाभ्ने र गाभिने नीतिमा अझै सुविधा दिनुपर्ने, वित्तीय नीति र मौद्रिक नीतिबीच समन्वय हुनुपर्ने, निक्षेप वीमाको शुल्क घटाउनुपर्ने, पूर्वाधार क्षेत्रमा ७० प्रतिशत लगानी गर्ने वित्तीय संस्थालाई छुटहरू दिनुपर्ने, वित्तीय तथ्याङ्कलाई थप विश्वसनीय बनाउनुपर्ने, राजनैतिक वातावरणको निराशाले गर्दा लगानीको वातावरणमा असर पर्ने कुरालाई ध्यानमा राखी मौद्रिक नीति तर्जुमा गर्नुपर्ने लगायतका विषयमा पनि सुझाव प्राप्त भएको थियो ।

कार्यक्रममा स्वागत मन्तव्यको क्रममा विभागका कार्यकारी निर्देशक डा. मीनबहादुर श्रेष्ठले मुलुकको समष्टिगत आर्थिक परिसूचकहरूका बारेमा प्रकाश पार्नुभएको थियो ।

कार्यक्रममा डेपुटी गभर्नरहरू, नेपाल राष्ट्र बैंक सञ्चालक सदस्यहरूको उपस्थिति रहेको थियो भने वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी, लघु वित्त विकास बैंक संघका प्रतिनिधि, वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत तथा वित्तीय क्षेत्रका अन्य प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

## २०६९ असार १५ गते शुक्रबार

**गभर्नरको कार्यालय**